म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४४ बिहीबार २१ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 5 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ**

☞ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
☞ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
☞ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
☞ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।
☞ आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# फेरि रोकियो ७० अंक ल्याए लाइसेन्स पास हुने प्रणाली

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/बागमती प्रदेशमा तेस्रोपटक ७० अंक ल्याए सवारी चालक अनुमतिपत्रको (लाइसेन्स) ट्रायल पास हुने प्रणाली कार्यान्वयन रोकिएको छ ।

बागमती प्रदेशको मुख्यमन्त्री कार्यालयको हष्तक्षेपको कारण बुधबारबाट लागू हुन लागेको ७० अंक ल्याए सवारी चालक अनुमतिपत्रको (लाइसेन्स) ट्रायल पास हुने प्रणाली कार्यान्वयन तेस्रोपटक रोकिएको हो । यसअघि असोज र मंसिरमा यो प्रणाली कार्यान्वयनमा मुख्यमन्त्री कार्यालयले रोक लगाएको थियो । मुख्यमन्त्री कार्यालयले प्रणालीका विषयमा अध्ययन गर्ने भन्दै प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिवको संयोजनमा समिति गठन गरी तत्कालका लागि प्रणाली लागू नगर्न निर्देशन दिएको छ । ४ सदस्यीय समितिलाई प्रणाली कसरी लागू गर्न सकिन्छ भन्नेबारे एक महिनाभित्र सुझावसहितको प्रतिवेदन दिन भनिएको छ ।



प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेको कारण यसअघि दुईपटक यो प्रणाली लागू हुँदाहुँदै रोकिएको थियो । मुख्यमन्त्री पाण्डेको हष्तक्षेपको कारण दुईपटक रोकिएको यो प्रणाली बुधबारबाट लागू गर्ने तयारी गरिएको थियो । तर, फेरि एकपटक मुख्यमन्त्री कार्यालयको हष्तक्षेपले उक्त प्रणाली कार्यान्वयन रोकिएको छ ।

बागमती प्रदेशको काम चलाउ सरकारको श्रम, रोजगार तथा यातायातमन्त्री घनश्याम दाहालले ट्रायल सेन्टर सञ्चालन गरिरहेका यातायात कार्यालय प्रमुखहरु बुधबारबाट ७० प्रतिशत प्रणाली लागू गर्न सहमत भएकोमा मुख्यमन्त्री कार्यालयको हष्तक्षेपको कारण लागू हुँदा हुँदै फेरि रोकिएको बताए । उनले बुधबारबाट लागू हुने तयारीमा रहेको ७० अंक ल्याए ट्रायल पास हुने प्रणाली कार्यान्वयन नगर्न मुख्यमन्त्री कार्यालयले यातायात मन्त्रालयलाई पत्राचार गरेर रोक लगाएको बताए । यसअघि असोज २ गते र मंसिर १८ गतेबाट उक्त प्रणाली लागू गर्ने भनिएपछि मुख्यमन्त्री पाण्डेकै निर्देशनमा रोकिएको थियो । नेपालको ४ वटा प्रदेशमा लागू भइसकेको प्रणाली बागमतीमा मात्रै पटक-पटक हष्तक्षेप गरेर पाण्डेले रोकेको उनको आरोप छ ।

प्रणाली लागू गर्ने विषयमा निवर्तमान मुख्यमन्त्री पाण्डे र प्रदेशमन्त्री दाहालबीच मनमुटाव समेत भएको थियो । यातायातका कर्मचारीले पोखरालगायत स्थानमा सञ्चालित ट्रायल सेन्टरहरुमा सञ्चालन भएको परीक्षाका सम्बन्धमा अनुगमनसमेत गरेको थियो । यातायात कार्यालय र कर्मचारीले आफूहरु ७० अंक प्रणाली लागू गर्न तयार रहेको बताए पनि मुख्यमन्त्री कार्यालय नै बाधक बनेको स्रोतको दाबी छ ।

मन्त्री दाहालले मुख्यमन्त्री सँगको सल्लाहमा नै सुरुवातमा उक्त प्रणाली कार्यान्वयन गर्न खोजिएको भन्दै सो बेलामा हुन्छ भनेर सहमति दिएका पाण्डेले अहिले किन पटक-पटक लागू नगर्न निर्देशन दिए भन्नेबारे आफूले नबुझेको बताए । उनको अनुसार यातायात व्यवस्था विभागले २०७८ सालमै उक्त कार्यविधि तयार पारेर प्रदेशलाई पठाए पनि लागू गरिएको थिएन । यो प्रणाली लागू भएमा प्रयोगात्मक परीक्षमा सहभागी हुनेले सामान्य गल्ती गरेमा अनुत्तीर्ण हुने समस्या हल हुने मन्त्री दाहालको दावी छ ।

७ मध्ये प्रदेश १, मधेस, गण्डकी र लुम्बिनी प्रदेशमा यो प्रणाली लागू भइसकेको छ । मुख्यमन्त्री कार्यालयले गत असोजदेखि कुनै न कुनै बहानामा प्रणाली लागू गर्न ढिलाई गर्दै आएको छ । यातायात व्यवस्था विभागले भने प्रदेश सरकारले अग्रसरता लिएर लागू गर्न खोजे यो नियम लागू हुने बताउँदै आएको छ । मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव मुकुन्द निरौलाले भने भौतिक पूर्वाधार र जनशक्तिको अभाव रहेकाले त्यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्नेबारे अध्ययन गर्न खोजेको बताए । लाइसेन्स दिने विषय संवेदनशील भएकाले यो प्रणालीका विषयमा थप अध्ययन जरुर देखिएको उनको भनाई छ । प्रणालीका विषयमा राष्ट्रिय सतर्कता केन्द्रले पटक-पटक पत्राचार गरेर लागू नगर्नुको कारण माग गरेको छ ।

मापदण्ड लागू भएमा मोटरसाइकल, स्कुटर तथा मोपेडका लागि कुल अंकभार १ सय तोकिएको छ । त्यसमा ७० अंक प्राप्त गर्ने प्रशिक्षार्थी अनुमतिपत्रका लागि योग्य मानिनेछन् । प्रदेश सरकारले तयार पारेको निर्देशिकाअनुसार मोटर साइकल, स्कुटर र मोपेड चालकका लागि घुमाउरो आठ (एट आकार) को अंकभार २० तोकिएको छ । दुईपटकसम्म अंकित रेखा छोएमा प्रत्येकपटक ५ अंकको दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन । दुईपटकभन्दा बढी उक्त रेखा छोएमा, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गएमा, एकपटक भन्दा धेरैपटक खुट्टाले भुइँ टेकेमा, ठीक दिशाबाट वा ठीक तरिकाबाट आठ आकार नबनाएमा वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण भएको घोषणा गरिने व्यवस्था गरिएको छ । साँघुरो फलेकको अंकभार १० तोकिएको छ । साँघुरो फलेकमा खुट्टाले भुइँमा टेकेमा, फलेकको लम्बाइ पार गर्नुअगावै फलेकबाहिर निस्के पनि अनुत्तीर्ण हुनेछन् । निर्देशिकामा युटर्नको अंकभार १० तोकिएको छ । टर्निङ लाइट नबालेको खण्डमा १० अंक घटाइनेछ । त्यस्तो अवस्थामा पनि अंकित रेखा छोए भने अनुत्तीर्ण हुनेछन् । ट्राफिक संकेतका लागि १५ अंकभार तोकिएको छ । ट्राफिक संकेत पालना नगरेको खण्डमा १५ अंक घटाइनेछ । निर्देशिकामा उबडखाबडको अंकभर १५ तोकिएको छ । एकपटकसम्म सवारीको स्टार्ट बन्द भएको खण्डमा ५ अंकभार घटाइनेछ । एकपटकभन्दा बढी स्टार्ट बन्द भयो भने प्रयोगात्मक परीक्षा दिने अनुत्तीर्ण हुनेछन् । त्यसैगरी उकालो (न्याप) को अंकभार २० तोकिएको छ । त्यसैगरी परीक्षार्थीको व्यवहार गत पक्षको समग्र मूल्यांकनलाई १० अंकभार तोकिएको छ ।

कार, जिप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षाको कुल अंकभार १ सय तोकिएको छ । जसमा ७० प्रतिशत ल्याएको खण्डमा प्रशिक्षार्थी उत्तीर्ण भएको मानिनेछ । निर्देशिकाअनुसार कार, जिप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षामा घुमाउरो आठ (एट) को अंकभार २० तोकिएको छ। दुईपटकसम्म अंकित रेखा छोए प्रत्येक पटक ५ अंकको दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन । दुईपटकभन्दा बढी अंकित रेखा छोए, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गए, ठीक दिशाबाट वा ठीक तरिकाबाट आठ आकार नबनाएकोमा वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण हुने व्यवस्था गरिएको छ ।

निर्देशिकामा ट्राफिक संकेतको अंकभार १५ तोकिएको छ । पालना नगरे १५ अंक घट्ने प्रावधान राखिएको छ । त्यसैगरी युटर्नको अंकभार १० तोकिएको छ । टर्निङ इन्डिकेटर लाइट नबालेको खण्डमा १० अंकभार घटाइनेछ । अंकित रेखा छोएको खण्डमा भने प्रशिक्षार्थी अनुत्तीर्ण हुनेछन् । चार पांग्रे सवारी चालकलाई न्याम (उकालो) का लागि अंकभार १५ तोकिएको छ ।

तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी अगाडि बढेमा, रोकिएको अवस्थामा सवार ीसाधन अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्चभन्दा पछाडि सरेमा, उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको सीमा नाघी सवारी रोकेमा वा एकपटकभन्दा धेरै सवारी स्टार्ट बन्द भएमा अनुत्तीर्ण हुनेछ । ग्यारेज पार्किङको अंकभार १० तोकिएको छ । त्यसैगरी परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्यांकनलाई १० अंकभार तोकिएको छ ।

# बागमतीमा राप्रपाको शक्ति : सरकारको खेल आफ्नै हातमा

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ बागमती प्रदेशमा सरकारको नेतृत्व दाबी गरिरहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई लिएर यतिबेला राजनीतिक बहस दुई धारमा विभाजित छ ।



एउटा प्रदेश खारेजीको मुद्दा बोकेको राप्रपा शक्तिमा आएसँगै सरकारमा सहभागी मात्र नभई मुख्यमन्त्रीमै दाबी गर्नु सवत्र आलोचनाको विषय बनेको छ । दोस्रो राप्रपाका नेता र निकटका कार्यकर्ता तथा समर्थकहरुले सरकारमै गएर प्रदेश खारेजीको मुद्दालाई बलियो बनाउँछौं भन्नु । राप्रपालाई गत ४ मंसिरमा भएको निर्वाचनमा जनताले केही हदसम्म रुचाएको नतिजाले नै देखाउँछ । तर, संसदीय गणितमा शक्ति बढेसँगै राप्रपाले आफैंले खारेज गर्छु भनेको प्रदेशमा नै मुख्यमन्त्री दाबी गरेपछि आलोचना सुरु भएको छ ।

बागमतीमा राप्रपाको शक्ति बलियो छ । २०७४ सालमा भएको निर्वाचनबाट राप्रपाले सामानुपाकिततर्फ दुई जना मात्रै सांसद पाएको थियो । सरकार बनाउने र गिराउने निर्णायक शक्ति नभएका कारण दुई सांसद चितवनकी रिना गुरुङ र रामेछापकी रिता माझी संधै प्रतिपक्षमै बसे । तर, प्रदेशसभाको आगामी पाँच वर्षीय कार्यकालमा भने राप्रपाको १३ सिट छ । जुन बागमती प्रदेशमा सरकार बनाउने र गिराउने खेल राप्रपाकै हातमा छ । जस कारण राप्रपाले बागमतीको मुख्यमन्त्री दाबी गरिरहेको हो । राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले बागमतीको मुख्यमन्त्रीमा बलियो दाबी रहेको बताउँदै आएका छन् ।

निर्वाचनमा सँगै रहेको वाम-लोकतान्त्रिक गठबन्धन सरकार निर्माणका बेलामा टुटेपछि बागमतीमा राप्रपाको दिन बलियो भएको हो । जबकी नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा ( एकीकृत समाजवादी)लगायतका दलको बाम-लोकतान्त्रिक गठबन्धन हुँदा राप्रपाको शक्ति प्रदेशमा सर कार गठनका लागि निर्णायक थिएन् । कांग्रेसको ३७, माओवादीको २१ र एकीकृत समाजवादीको ७ सिट हुँदा सरकार बनाउन पर्याप्त बहुमत थियो । केन्द्रमा गठबन्धन भत्किएसँगै नयाँ समीकरणका कारण बागमतीमा राप्रपा निर्णायक शक्ति बनेको हो ।

प्रदेशमा सरकार निर्माणका लागि जता राप्रपा उतै सरकार बन्ने देखिएको छ । स्पष्ट बहुमत नआएका कारण बागमतीमा गठबन्धन सरकार निर्माण गर्नुको विकल्प छैन् । बागमतीमा हालसम्म सत्तारुढ गठबन्धनबाट प्रदेश सरकार को नेतृत्व गर्ने दलको टुंगो लागिसकेको छैन । बागमतीमा सत्ता साझेदार दलहरु नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपा गरी तीन दलले नै मुख्यमन्त्रीमा दाबी गरेका छन् । सरकार बनाउन यी तीन दललाई साना दलको आवश्यकता छैन । एमाले, माओवादी र राप्रपासँग ६१ सिट छ । १ सय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सिटसहित बहुमत पुऱ्याउनु पर्छ ।

तीनवटै दलले सरकारमा दाबी गरेपछि भने गठबन्धनमा अन्योल छ । गठबन्धनभित्र भागवण्डा नटुंगिएकाले बागमतीमा कसले नेतृत्व गर्छ भन्ने अन्योलमै रहेको हो । प्रदेशमा सरकार बनाउन गठबन्धनका एमाले र माओवादीलाई राप्रपाको साथ अपरिहार्य छ । २७ सिटको एमाले र माओवादीको २१ सिट गरी कुल ४८ सिट हुन्छ । सरकार बनाउन एमाले र माओवालीलाई थप ८ सिट आवश्यक छ । जसका लागि राप्रपाको साथ अपरिहार्य छ । एमाले र माओवादीले प्रदेशमा १३ सिट बोकेको राप्रपालाई छोडेर ७ सिटको नेकपा (एकीकृत समाजवादी)लाई साथमा लिए पनि सरकार बनाउन पुग्दैन ।

एमाले र माओवादीले एकीकृत समाजवादीको साथ लिँदा पनि सरकार गठनमा थप २ सिट (सभामुख बाहेक) आवश्यक पर्छ । जसका लागि २-२ सिट भएका नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र हाम्रो नेपाली पार्टीमध्ये एउटालाई सरकारमा ल्याउनुपर्ने हुन्छ । तर, नेमकिपा र हाम्रो नेपाली पार्टी प्रतिपक्षमै बस्ने देखिएकाले साना दल मिलाउने सम्भावना न्यून छ । यसर्थ, वर्तमान गठबन्धनका दुई प्रमुख दल एमाले र माओवादीलाई बागमतीमा सरकार बनाउन राप्रपाको बढी आवश्यकता छ । उता सरकारको नेतृत्व गर्ने मुखमा पुगेर फर्किएको कांग्रेसले पनि गठबन्धनको अन्तिम सहमतिलाई कुरेर बसेको छ ।

गठबन्धनमा भागवण्डा नमिल्नेबित्तिक्कै सरकारबाट राप्रपा बाहिरिएको स्थितिमा र कांग्रेसले राप्रपाको साथ पाएको अवस्थामा बागमतीमा नयाँ सरकार बन्न सक्छ । ३७ सिट रहेको कांग्रेससँग वर्तमान अवस्थामा नेकपा (एकीकृत समाजवादी) पनि साथमै रहेकाले यी दुई दलको कुल सिट ४४ हुन आउँछ । कांग्रेस र एकीकृत समाजवादीले राप्रपाको साथ पाए बागमतीमा ५७ सिटसहित बहुमत पुऱ्याएर सरकार बनाउन सक्ने देखिन्छ । कांग्रेस, एकीकृत समाजवादी र राप्रपा मिले बागमतीमा साना दलको साथ पाएर पनि एमाले र माओवादीले सरकार बनाउन सक्दैनन् । जसका कारण बागमतीमा जता राप्रपा उतै सरकार बन्ने अंकगणित छ ।

बागमतीमा वर्तमान गठबन्धन नै कायम रहे तीन दलबाट तीन जना नै मुख्यमन्त्रीका दाबेदार छन् । राप्रपा बागमती प्रदेश संसदीय दलको नेता उद्धव थापा, एमालेबाट संसदीय दलको नेता जगन्नाथ थपलिया (जेएन) र माओवादी केन्द्रबाट दलको नेता शालिकराम जम्मकट्टेल मुख्यमन्त्रीका दाबेदार हुन् । दलको नेता नै मुख्यमन्त्री हुने भएकाले यी तीन जना मुख्यमन्त्रीका दाबेदार हुन् ।

# भेट्रान्स फुटबल: चार खेल सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिका-५, स्थित पिप्लेक्याम्पा रंगशालामा जारी आठौं राष्ट्रिय भेट्रान्स फुटबलमा बुधवार चार खेल भएका छन् ।

'एट ए साइड' फुटबल प्रतियोगितामा नागस्वती भेट्रान्सलाई हराउँदै एक्स भेट्रान्स पोखरा विजयी भएको छ । निर्धारित समयको खेल गोलरहित गोलरहित बराबरी भएपछि टाइब्रेकरमा एक्स ३-२ गोलले विजयी भएको हो । खेलमा एक्स भेट्रान्सका दीपेन्द्र शाही म्यान अफ द म्याच भएको आयोजक हेटौंडा भेट्रान्सका महासचिव कविन संगामीले जानकारी दिए ।



हेटौंडा भेट्रान्स सुपरले बीरगञ्ज भेट्रान्स पर्सालाई टाइब्रेकरमा हराएको छ । निर्धारित समय गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । हेटौंडाले वीरगञ्जलाई ५-४ गोल अन्तरले हराएको हो ।

खेलमा बीरगञ्जका ऋतुकुमार शाक्य म्यान अफ द म्याच चुनिए । बुधबार नै भएको खेलमा बीरगञ्ज सिटीलाई २-० ले हराउँदै एमएमसी काठमाडौं विजयी भएको छ । एमसीसीको तर्फबाट प्रकाश राना मगर र शिशिरबहादुर हमालले गोल गरेका हुन् । खेलमा प्रकाश राना मगर म्यान अफ द म्याच भए ।

अभिषेक चर्च नवलपर ासीलाई टाइब्रेकरमा हराउँदै बानेश्वर भेट्रान्स अघिल्लो चरणमा प्रवेश गर ेको छ । निर्धारित समय दुवै टोलीले एक/एक गोलको बराबरी खेलेपछि टाइब्रकेरमा बानेश्वर ७-६ गोल अन्तरले विजयी भएको हो । निर्धारित ९० मिनेटभित्रको खेलमा बानेश्वर का नारायण कार्की र अभिषेक चर्चका गणेश श्रेष्ठले गोल गरेका थिए ।

प्रतियोगिताको विजेताले नगद १ लाख ११ हजार, उपविजेताले ५५ हजार ५ सय रुपैयाँ प्राप्त गर्ने आयोजक क्लबले जनाएको छ । प्रतियोगितामा म्यान अफ दी सिरिजलाई १५ हजार, उत्कृष्ट प्रशिक्षक, गोलकिपर, डिफेन्डर, मिडफिल्डर र फरवार्डलाई जनही ५ हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ ।

# सोलिड्यारिटीले मनायो ३० औं स्थापना दिवस

हेटौंडा, २० पुस/ हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीले ३० औं स्थापना दिवस मनाएको छ ।

एकेडेमीले बुधबार समय सापेक्ष शिक्षा, सोलिड्यारिटीको प्रतिबद्धता भन्ने मूल नारासहित ३० औं स्थापना दिवस मनाएको हो । विद्यालयका संस्थापक अध्यक्ष ऋषिराम आचार्यको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । एकेडेमीले स्थापना दिवसको अवसरमा साँस्कृतिक कार्यक्रम गरेको थियो । स्थापना दिवसका दिन प्लेग्रुप र नर्सरीमा निशूल्क भर्ना अभियान सञ्चालन गरिएको थियो । भर्ना अभियानको पहिलो दिन २४ जना विद्यार्थी भर्ना भएको विद्यालयकी प्रिन्सीपल रिना आचार्यले जानकारी दिइन् । यस्तै शैक्षिक सत्र २०७८ मा कक्षागत रुपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । १ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीलाई प्रमाणपत्र र मेडलले पुरस्कृत गरिएको छ । विद्यालयमा १ हजार ५ सय जना विद्यार्थी अध्ययनरत् छन् ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बरः**
९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरूः**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश संरचना बनाउन जग्गा भोगचलन छिटो स्वीकृत गर

वि.सं. २०७२ सालमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो । त्यसपछि वि.सं. २०७४ सालमा पहिलो निर्वाचन भयो । त्यसबाट निर्वाचित सांसद्हरुबाट बनेको पहिलो कार्यकालको सरकारको समय सकियो । गत २०७९ मंसिर ४ गते दोस्रो कार्यकालको लागि निर्वाचन भयो । उक्त निर्वाचनबाट चयन भएका सांसद्हरुले नयाँ सरकार गठनको चरणमा छन् । तर, पनि नेपालमा भएको नयाँ व्यवस्था अनुसारको तयार गर्नुपर्ने संरचनाहरु अझै तयार भइसकेका छैनन् । पाँच वर्षे कार्यकाल सकिसक्दा पनि बागमती प्रदेश सरकारको लागि आवश्यक प्रदेश सभा भवनदेखि मन्त्रालय, सांसद् क्वाटरलगायत आवश्यक संरचनाहरु अझै बन्न सकेका छैनन् । हालसम्म प्रदेशको कुनैपनि मन्त्रालय र कार्यालयहरुले आफ्नै स्थायी भवन पाएका छैनन् । तत्कालीन समयमा संघीय सरकार मातहतको विभिन्न कार्यालय र भाडाको भवनहरुबाट प्रदेशको मन्त्रालय तथा कार्यालयहरु सञ्चालन हुँदै आएका छन् । प्रदेशले पाँच वर्षको पहिलो कार्यकालमा आफ्नो लागि एउटा पनि स्थायी संरचना बनाउन नसकेको हो । प्रदेश सरकारले पाँच वर्षसम्म आफ्नो लागि संरचना बनाउन नसकेको भन्दै व्यापक बिरोधसमेत हुँदै आएको छ । तर, बागमती प्रदेश सरकारले भने प्रादेशिक स्थायी संरचना बनाउन छनौट गरेको जग्गाको भोगचलन अधिकार संघीय सरकारले नदिँदा स्थायी संरचना बनाउन नसक्नु बिडम्बना हो ।

बागमती प्रदेश सरकारले प्रदेशको 'सिंहदरबार' बनाउन जग्गा छनौट गरेर केन्द्र सरकारसँग स्वीकृति मागेको फागुनमा एक वर्ष पुग्दैछ । २०७८ फागुनमा प्रदेश सरकारले गठन गरेको प्रशासनिक भवन जग्गा पहिचान समितिले प्रदेशमातहतका मन्त्रालय तथा सम्पूर्ण कार्यालयहरूको स्थायी संरचना निर्माण गर्न जग्गा छनौट गरेर संघीय सरकारको स्वीकृतिका लागि पठाएको थियो । तर, १० महिना बितिसक्दा पनि केन्द्र सरकारले बागमती प्रदेशको 'सिंहदरबार' बनाउन छनौट गरेर पठाएको जग्गा भोगचलनको स्वीकृति दिएको छैन । प्रदेश सरकारले गठन गरेको समितिले हेटौंडा उपमहानगरको ८ स्थानमा गरेर कूल एकसय ९५ दशमलव २७ बिगाह जग्गा छनौट गरेको थियो । तर, उक्त जग्गा भोगचलनमा संघीय सरकारले तत्काल स्वीकृति नदिनु संघीयताप्रति संघीय सरकार गम्भीर छैन भन्ने स्पष्ट हुनु हो । संघीय सरकार संघीयता लागू गर्न गम्भीर छैन भन्ने नै हो ।

संघीय सरकारले जग्गा भोगचलनको स्वीकृति दिएसँगै प्रदेशको स्थायी संरचना निर्माण अघि बढाउन प्रदेश सरकार तयार छ । तर, जग्गा भोगचलन नपाउँदा उक्त संरचना बन्न सकेको छैन । त्यसले गर्दा प्रदेशको संरचनाहरुको लागि भाडामा लिएको संरचनाको भाडामात्रै करोडौं भुक्तानी गर्नुपर्ने बाध्यातमक अवस्थाबाट प्रदेश सरकार गुज्रिरहेको छ । संघीयतामा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तबाट सञ्चालन हुनुपर्ने हो । तर, प्रदेशको संरचना बनाउन संघले जग्गा भोगचलन स्वीकृति नदिनु आफैंमा संघीयताको मर्मबिपरित हो । यसतर्फ सबैको ध्यान जानु जरुरी छ । र, अब संघ सरकार गठन भइसकेको छ । यदि नेपालमा संघीयता टिकाउने हो भने प्रदेश संरचना बनाउन आवश्यक जग्गा भोगचलन अधिकार तत्काल दिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २२ गते शुक्रबार ६ जनवरी २०२३ । पूर्णिमा पौस शुक्लपक्ष। पोहेलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२२ ।श्री स्वास्थानी व्रतआरम्भ

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नवीन कार्ययोजनामा लगानी | तुला | : न्यायिक कार्यमा सफलता |
| वृष | : आलोचनामा वृद्धि | वृश्चिक | : मान्यजनबाट विवाद |
| मिथुन | : यात्रामा अवरोध | धनु | : अहमपनले कार्यमा हानि |
| कर्कट | : व्यवसायमा सफलता | मकर | : शत्रु नाश |
| सिंह | : मान हानिले खिन्नता | कुम्भ | : परिवारमा कलह |
| कन्या | : धर्मकार्यमा खर्च | मीन | : रोग नाश |

# निराकरको क्रन्दन र मानव बेचबिखनको अनुत्तरित पाटो



बाल मुकुन्द हुमागाईं

थाइल्यान्ड र कम्बोडियाको सिमानामा पर्ने पोइपेटमा अवस्थित क्यासिनोमा भएको आगलागीमा झ्यालबाट ज्यानको भिख मागीरहेका नेपालका निराकर पाण्डेको तस्बिर राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा व्याप्त भएको छ । क्यासिनो रहेको भवनको १२ औं तलाबाट ज्यान बचाउन हारगुहार गर्दै साढे ४ घण्टापछि मृत्युवरण गरेका पाण्डेको ज्यान बचाउन सम्भव थियो वा थिएन भन्ने प्रश्नको उत्तर अझै पाइएको छैन ।

झट्ट सुन्दा अफ्रिका वा दक्षिण अमेरिकातिर पर्ने मुलुकजस्तो लाग्ने कम्बोडिया हाम्रो नजिकै पर्दो रहेछ भन्ने पनि यो घटनाले धेरै नेपालीलाई जानकारी भएको छ । कम्बोडिया कस्तो छ, को जान्छन्, कति नेपाली गएका छन्, अवस्था कस्तो छ, मानव बेचबिखनको अवस्था के छ भन्ने जस्ता विषयमा म यो लेखमा उजगार गर्न चाहन्छु । विद्यार्थीका रूपमा प्रथम पटक २०१६ देखि २०१८ सम्म धेरै पटक गरेको यात्रा र यो २०२२ को मध्यमा २ महिनाको सानो अध्ययनको सिलसिलामा भएको बसाइको अनुभवका आधारमा यो लेख लेख्दै छु ।

***कम्बोडिया कस्तो देश हो ?***

दक्षिण पूर्वी एसियामा पर्ने कम्बोडिया थाइल्यान्ड, भियतनाम र लाओससँग सिमाना जोडिएको पर्यटक गन्तव्य मुलुक हो । धेरै संख्यामा धार्मिक सम्पदा, प्राकृतिक र रमणीय स्थल तथा धेरै ससना टापुहरू यस मुलुकका प्रमुख आकर्षण हुन् । सन् १९७६ मा कहालीलाग्दो गृहयुद्धको अन्त्यसँगै कम्बोडियामा विकासको क्रम सुरु भएको हो । भौतिक पूर्वाधारमा देखिने नै गरी विकास गरेको देशको सामाजिक , राजनीतिक र आर्थिक पाटोमा भने खासै गति लिन सकेको छैन । धेरै जनता गरिबीको रेखामुनि रहेको र पुग्नुपर्ने क्षेत्रसम्म विकास नपुगेको त्यहाँका विभिन्न प्रान्तमा पुग्दा स्पष्ट देख्न सकिन्छ । सरकारले वैदेशिक लगानीलाई प्रवर्धन गर्दै विभिन्न व्यवसाय चलाएको भने देख्न सकिन्छ । पर्यटकीय गन्तव्य भएकाले त्यहाँ होटेल, रेस्टुराँ, लज, क्यासिनो र अरु मनोरञ्जन व्यवसायको पनि व्यापक विस्तार भएको छ । फलस्वरूप विभिन्न देशबाट कानुनी र गैरकानुनी तवरले कम्बोडियामा काम खोज्न जाने क्रम जारी छ ।

***नेपाली र कम्बोडिया***

सन् १९८० को दशकदेखि नेपालीहरू अन्तर्राष्ट्रिय विकास नियोगका काम तथा व्यापारको सिलसिलामा कम्बोडिया पुगेको पाइन्छ । सङ्ख्यात्मक रूपमा अहिले कम्बोडियामा नेपालीहरु करिब ८ हजारभन्दा बढी रहेको अनुमान लगाउन छ । कम्बोडियाको राजधानी नोमपेन्ह, पोइपेट, सिमरिप्, सिहानोउक भिल, बाताम्बङ्ग, कम पोट, बाभेटलगायतका सहरहरुमा नेपालीहरुको बाक्लै उपस्थिति छ । परन्तु, वैधानिक बाटोबाट आउने नेपाली भने निकै कम पाइन्छन् । नेपाल सरकारसँग यसको अध्यावधिक तथ्यांक कही कतै उपलब्ध छैन ।

क्यासिनोमा काम गर्ने, सुरक्षा गार्ड, होटेलमा रोजगारीका लागि धेरै युवा कम्बोडिया पुगेको पाइयो । आकर्षक जागिर लगाइदिने प्रलोभनमा ६ देखि १२ लाख वा सोभन्दा बढी एजेन्टलाई तिरेका युवा यत्रतत्र भेटिन्थे । जागिरको अनिश्चितता, बास स्थानको बेठेगान, दुई छाक खान पनि पैसाको अभावजस्ता आधारभूत सुविधाबाट वञ्चित नेपाली युवा घर फिर्तीको प्रतीक्षामा बसिरहेका पनि भेटिन्थे ।फ्नोम पेन्ह स्थित रिभर साइड पार्कमा साँझबिहान घुम्दा नदी किनारमा टोलाइरहेका नेपाली युवा प्रशस्तै भेट्न सकिन्थ्यो । ऋण गरी तिरेको लाखौं लगानी डुबाएको, पासपोर्ट एजेन्टले कब्जा गरेको, घर फिर्ता जाने टिकट नक्कली दिएको, एजेन्टले यो वा त्यो व्यक्तिलाई सम्पर्क गर्नु भनेर झुक्याएको, कसैले उद्धार गरिदियोस् र नेपाल सरकारले मानव बेचबिखनका एजेन्टहरुलाई पक्राउ गरी कानुनी दायरामा ल्याओस् भन्ने चाहना राख्दै मलिन अनुहार लिई नदी हेर्दै बस्नु उनीहरुको दिनचर्या नै हुने रहेछ ।

अझै कोभिड-१९ को लकडाउनमा मानव बेचबिखनका एजेन्ट वा दलालले प्रविधि र सामाजिक सञ्जाल प्रयोग गरी हजारौं नेपालीलाई अनलाइन कल सेन्टर र जुवा अखडामा जगिर दिने प्रलोभनमा त्यहाँ लगेको पाइयो । त्यस्ता अनलाइन कल सेन्टर वा अखडामा आकर्षक रोजगारीको प्रलोभनमा पुगेका युवा पनि निकै सङ्ख्यामा रहेछन् । अझै दयनीय त त्यस्ता मानव बेचबिखनमा संलग्न समूहले नेपाली युवालाई बन्धक बनाई एउटा कलसेन्टर बाट अर्को कलसेन्टरमा राम्रै रकममा बेच्ने गरेको पाइयो । पीडितसँग कुरा गर्दा र उनीहरूको भोगाइ सुन्दा वास्तवमै कसैले कल्पना गर्न नसक्ने दु:ख पाएको अनुमान हुन्छ । एक्काइसौं शताब्दीमा पनि यसरी मानवलाई वस्तु झैं बेचिएको सुन्दा कहाली लाग्छ ।

पीडित युवाले आवाज उठाएपनि, पीडाका खबर समाचार बने पनि, नेपाल सरकारलाई जानकारी गराए पनि खासै यस विषयमा सरकार, अध्यगमन विभाग र मानव बेचबिखनविरुद्ध काम गर्ने संस्थाको प्राथमिकता भने यो विषय पर्न सकेको देखिएन । निराकर पाण्डे थाइल्यान्डमा पहिले पर्यटक भिसा लिई पछि रोजगारीका लागि कम्बोडिया पुग्नुले पनि हामी त्यो देश पुग्ने माध्यमको अड्कल काट्न सक्छौं । एजेन्टमार्फत विभिन्न देश हुँदै कम्बोडिया छिर्ने नेपाली टन्नै छन् तर त्यसको सही तथ्याङ्क कतै छैन । आगलागी भएकै क्यासिनोमा पनि कती नेपाली थिए भन्ने यकिन नहुनुले स्थिति प्रष्ट हुन्छ ।

मानव बेचबिखनका घटना "सेटिङ्ग" वा मिलेमतो नभईकन सम्भव हुन्न । एजेन्टले नेपालका सरकारी निकायका साथै कम्बोडियाका अध्यागमनसँगको मिलेमतोमा मानब बेचबिखन गरिराखेका छन् । निराकर पाण्डेको घटनाको नैतिक जिम्मेवारी सरकार, अध्यागमन विभाग र सम्बन्धित संस्थाले लिएर आगामी दिनमा त्यसरी कम्बोडिया पुगेका नेपालीको सूचीकरण र सुरक्षाको पहल गर्न ढिलो गर्नुहुन्न ।

***गैरआवासीय नेपाली सै कम्बोडियाको भूमिका***

अरु देशमा जस्तै कम्बोडियामा पनि गैरआवासीय नेपाली सै सक्रिय छ । उचित जनशक्ति, स्थान र आर्थिक स्रोतको कमी भए पनि त्यहाँको गैरआवासीय नेपाली सैले उल्लेख्य काम गरिराखेको पाइयो । थाइल्यान्डस्थित नेपाली दूतावासको सहकार्य तथा सहयोग मानब बेचबिखनमा परेका नेपाली युवालाई घर फिर्ती को पहल गर्न पनि यो संस्था सक्रिय रहेछ । अलपत्र परेका, पासपोर्ट एजेन्टको कब्जा परेकाले पासपोर्टविहीन भएकालाई आवश्यक कागजात मिलाउन, खाना र आवासको व्यवस्था गर्न, आवश्यक सहयोग र सूचना दिन, सम्भव भएको खण्डमा रोजगारी दिलाइदिन पनि संस्थाले गरेको पहल निकै प्रसंशनीय छ ।

***अबको बाटो***

निराकरको दुख:द घटनाले मानब बेचबिखन तथा असुरक्षित आप्रवासन कति भयङ्कर छ भन्ने छर्लङ्ग पारेको छ ! अर्को घटना नहुँदासम्म कुरेर बस्ने हो भने हामी यस्ता दुर्घटनाको समाचार पढ्ने र एक अर्कालाई गाली गर्नेबाहेक केही गर्न सक्दैनौ । यस्ता घटना न्यूनीकरण गर्न तथा रोजगारीमा गएका युवाको सुरक्षाका लागि सबैको पहल आवश्यक हुन्छ ।

नेपाल सरकारका अध्यागमन विभाग र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन डेस्कले कम्बोडिया जाने नेपालीको बारेमा विस्तृत विवरण राख्नुपर्छ । शंका लागेका यात्रीलाई उचित प्रश्न र परामर्श गरेरमात्र पठाउनु जरुरी छ । अझै अनुभव, उमेर, तालिम र कार्य दक्षता नभएका युवालाई जान प्रोत्साहन नै गर्नुहुन्न । विगतमा भएका घटनाबाट पाठ सिकी अफ्ना नागरिकको सुरक्षामा सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण अवश्यक छ ।वैदेशिक रोजगारीमा जान आतुर युवाले अवैध तरिकाले कम्बोडिया प्रवेश गर्नुअघि विभिन्न माध्यमबाट आफ्नो काम, एजेन्टको विवरण र यात्रा कति भरपर्दो छ भनेर बुझ्नु महत्वपूर्ण छ । इन्टरनेटबाट पाउने जानकारी तथा कम्बोडियामा वर्षौंदेखि बसेका नेपाली, पीडित युवा र त्यहाँ को गैरआवासीय नेपाली सैसँग पनि आवश्यक जानकारी लिएर मात्र यात्रा तय गर्नु बुद्धिमानी हुन्छ । यसो नगर्दा लाखौं डुब्न नदिन र आफ्नै ज्यान पनि जोगाउन सहयोग हुन्छ ।नेपाल सरकारले कम्बोडियास्थित गैरआवासीय नेपाली संघको समन्वयमा सम्पर्क कार्यालय स्थापना गरी नेपालीको विवरण अद्यावधिक गरी सबैको जानकारी लिए तिनको सुरक्षा, अवस्थिति तथा उद्धार कार्यमा निकै सहज हुने देखिन्छ । यसका साथै कम्बोडिया लैजाने एजेन्टको पहिचान गर्दै कानुनी दायरामा ल्याउँदामात्र मानव बेचबिखनका घटनामा उल्लेख्य कमी हुनेछ ।

(मानव बेचबिखन, असुरक्षित आप्रवासन तथा आधुनिक दासता विषयका अध्येता)

*साभार:बाह्रखरी*

# राष्ट्रपति र सभामुखको अभीष्ट पूरा भएपछि खड्ग प्रहारका सम्भावित खेल



विनोद सिजापती

प्रतिनिधि सभाको निर्वाचन परिणामले पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीलाई कमजोर नेताको रूपमा प्रस्तुत गरेको थियो । पराजित मुद्रामा तिनले मध्यावधि निर्वाचनको भविष्यवाणी गर्न थाले ।प्रतिनिधि सभामा सबैभन्दा ठूलो दलको हैसियत राख्ने नेपाली कांग्रेस अध्यक्ष एवं संसदीय दल नेता शेर बहादुर देउवा ढुक्क थिए, आफैं छैटौं पटक प्रधानमन्त्री हुनेमा । आफनो रोजाइको व्यक्तिलाई राष्ट्रपति नियुक्त गर्ने आफन्तलाई मन्त्री मात्र होइन सातै प्रान्तको मुख्यमन्त्री, मन्त्रीमा नियुक्त गर्ने । हजारौंको संख्याका भजनमण्डलीलाई वडादेखि अन्तर्राष्ट्रिय जगतमा नेपाली कूटनीतिक नियुक्ति दिने ।

अर्कातर्फ संसद्मा तेस्रो शक्ति भएको माओवादी दल नेता पुष्पकमल दाहालको अवस्था बेहाल नै थियो । तिनको चञ्चताले कुनै महत्व पाएको थिएन । 'रात रहे अग्राख पलाए'झैं राता-रात स्थिति बदलियो । पुस १० गतेसम्म आई पुग्दा नेपाली राजनीतिले १८० डिग्री फन्को मारिसकेको थियो । अघिल्लो दिनसम्म निर्दो ठहरिएका खड्गप्रसाद देशको सबैभन्दा शक्तिशाली व्यक्तिमा परिणत भइसकेका थिए । खड्गप्रसादको 'कृपा'मा पुष्पकमल दाहालको "एक पटक प्रधानमन्त्री" हुने महत्वकांक्षा पूर्ति भयो । खड्गप्रसादले तानेको धागो तथा बजाएको मादलको तालअनुरूप प्रधानमन्त्रीको पगरी गुथेका दाहाल जनसमक्ष कठपुतली प्रधानमन्त्रीका रूपमा प्रस्तुत भएका छन् । अर्कोतर्फ, नेपाली कांग्रेसका प्रत्यासी नेता, कार्यकर्ता तथा आसेपासेहरूको अवस्था "हिस्स बूढी खिस्स दात'' जस्तो छ । मुखैमा पुगेको हातको गाँस गुमेको अवस्थामा छन् उनीहरू । कतिपय चोर औंला ठडाएर सभापतिलाई सत्तोसराप गर्न थालेका छन् । पार्टी सभापतिको वरिपरि परिक्रमा गर्ने "सुकिला मुकिला" कानखुसी गर्ने नेता तथा तिनको धर्मपत्नी उपर खनिएका छन् उनीहरू ।सभापतिले आत्मालोचना गर्दै पद त्यागनुपर्ने मागले कांग्रेसजनमा लोकप्रियता पाउँदै छ । लोकतन्त्रमा असफल भएका बहुसंख्यक नेताले नैतिक जिम्मेवारी लिएर स्वेच्छिक पद त्याग गर्ने प्रचलन छ । शेरबहादुर देउवा अल्पसंख्याको कोटीमा पर्छन् । पद त्याग गर्नुको बदलामा तिनले २०७४ को लज्जास्पद हार व्यहोर्दा दललाई अमूक पूर्वअवस्थामा पुऱ्याएर विश्राम लिने निधो गरे । सत्ताबाहिर गमन भएको ४२ महिनामै 'एक्सिडेन्टल' तर, पाँचौं प्रधानमन्त्री पदमा आसीन भए । यस पटक तिनले लिने निर्णयको लेखो काट्न कठिन छ ।

निर्वाचन २०७९ पूर्वसन्ध्यामा 'नो नट अगेन'को नारा चम्कनुको उद्देश्य स्थापित पूर्वप्रधानमन्त्री जसको एकल उद्देश्य सत्ता प्राप्ति थियो, उनीहरूलाई मतदाताले तिरस्कार गरुन् भन्ने थियो । सागर ढकाल तथा युग पाठकलाई निर्वाचित गराउन ठूलै संख्यामा युवा शक्ति परिचालित थियो । साम, दाम, दण्ड, भेदमा पोख्त शक्तिशाली खेलाडीका सामुन्ने उनीहरूको केही लागेन । निर्वाचन क्षेत्रका मतदाताका निमित्त 'प्रधानमन्त्री'ले धेरै गर्ने सम्भावना बढी लोभिलो विकल्प थियो । संसदीय दल नेताको चुनौती दिने माननीय गगन थापालाई कांग्रेस सदस्य जसको समर्थनमा तिनी हौसिएका थिए, तिनले नै मत दिएनन् । आखिर अन्य सुविधाका अतिरिक्त मतदानको तस्बिर खिच्ने प्रविधि प्रयोग गर्ने सुविधा सम्पन्न बहालवाला प्रधानमन्त्रीको पक्षमा मतदान गर्दा पाइने सुविधाको वजन देशमा सुशासन कायम गर्ने उद्देश्य भएको नेताको भन्दा अत्यधिक धेरै थियो । मौका बारम्बार कहाँ आउछ र चुक्ने ?

राजनीतिक रणनीति 'सकुनि'को षड्यन्त्र तथा दाउपेच उपयोग गरेर सत्तामा हाबी हुने भाष्यमा परिणत भएको छ । सत्ता प्राप्तिका निमित्त अख्तियार गर्ने जतिसुकै अनैतिक हत्कण्डा पनि जायज हुन थालेको छ । राजनैतिक 'धोखा" शब्दको पर्यायवाची शब्दमा परिणत भएको छ । 'शत्रु' कथाका कथाकार विश्वेश्वरप्रसाद कोइरालाको अनुयायीहरू धुइपत्ताल लागेर विश्वासघाती पात्रको खोजीमा जुटेका छन् । सभापतिको भक्तगणका निमित्त तिनको प्रतिरक्षामा उत्रँदा आफ्नो अस्तित्व जगेर्नाका सम्भव हुन्छ । देउवाको बहिर्गमनले उनीहरूलाई सति जानुपर्ने जोखिम छ । त्यसकारण तिनीहरू सभापतिलाई चोख्याउन लागिपरेका छन् । एउटा ढुंगोले धेरै चरा मार्न अग्रसर हुने समकालीन कांग्रेसी संस्कार पनि हो । निवर्तमान प्रधानमन्त्रीका आसेपासेहरूको चोर औंला पुष्पकमल दाहाललाई 'विश्वासघात' गरेको आरोप लगाउँदै निशाना भने सभापतिका विरोधी खेमातर्फ गर्न अभ्यस्त छन् ।

केही बुज्रुक अदृश्य विदेशी शक्तिको हाउगुजी देखाउदै अन्तर्घातको लाञ्छनातर्फ अग्रसर हुँदैछन् । त्यसो त, सभापति विरोधीका निमित्त पनि यो अवसर नै हो, देउवा तथा तिनका कोटरी पालकलाई बिदाइ गर्ने । पार्टी सभापति एवं संसदीय दल नेता पदबाट राजीनामाको माग चर्काउन तथा तिनको निस्कासन प्रक्रिया अगाडि बढाउन सक्रिय छ, यो समूह ।मिडिया तथा सामाजिक सञ्जालमा माथापच्चिसे गर्दैछन् रातारात परिवर्तन भएको अवस्थाको रहस्य खोल्नका निमित्त । धेरैले पुष्पकमल दाहाल तथा शेरबहादुर देउवाबीच भएको अर्को 'भलाद्मी सम्झौता'को उल्लंघनलाई मूलकारण ठहर गरेका छन् । दुई नेताबीच भएको सम्झौताअनुसार शेरबहादुर तथा दाहाल (प्रतिनिधि सभाको ६० महिने अर्थात् पाँच वर्ष अवधि) प्रथम ३० महिना मन्त्री हुने दोस्रो अवधि शेर बहादुर हुने भन्ने थियो रे ! अन्तिम अवस्थामा शेरबहादुरले पद सुम्पन आनाकाना गरे । त्यसकारण दाहाल, खड्गप्रसादको पोल्टामा पुगे राष्ट्रिय समस्यालाई विदेशी हस्तक्षपको चस्मा पहिरिएर विश्लेषण गर्न अभ्यस्त बौद्धिक समुदायका लागि भारतीय- चिनियाँ स्वार्थ युद्धमा चीनले हासिल गरेको विजय ठहरिएको छ ।

निश्चय पनि लोकतान्त्रिक भारतले छिमेकी राष्ट्रमा लोकतान्त्रिक शक्ति हाबी होस् भन्ने चाहेकै हुनुपर्छ । त्यसैगरी चीनका निमित्त कम्युनिष्ट हाबी हुन् भन्ने मनसाय । वास्तविकताको अर्को पाटो भने चर्चित पात्रलाई नेपालीले त विश्वास गर्न सक्दैनौ भने छिमेकीले के/कति विश्वास गर्लान् ? फुटेको पाँच दलीय गठबन्धनको निर्माण केवल ३/४ नेताको स्वार्थहित रक्षाका निमित्त भएको थियो । सत्र महिनाअघि पुष्पकमल दाहाल तथा माधवकुमार नेपाल आफ्ना अनुयायीका साथ लागेर बुढानिलकण्ठ देउवा निवास देउवालाई विश्वास गरे पुगेका थिएनन् ।

उनीहरू त्यहाँ पुगेर सुनको थालीमा प्राधानमन्त्री पद सुम्पन पुग्नुपूर्व उनीहरू अपमानित, अपहेलितका अतिरिक्त अपराधको आरोपमा खड्गप्रसादले सुनिश्चित गरेका काठघर यात्राबाट जोगीन पुगेका थिए । 'सोझो' उपाधि पाएका देउवाले उनीहरूलाई विश्वास गर्नेवाला थिएनन् । तिनी पनि मौकाबाट फाइदा उठाउँदै ज्योतिषीको भविष्यवाणीमा विश्वास गरेर नै जुटेका हुन् । चार प्रमुख पात्रहरू शेरबहादुर, खड्गप्रसाद, पुष्पकमल दाहाल तथा माधवकुमार नेपालबीचको सम्बन्ध न्याउरी मुसा, सर्प, भ्यागुतो तथा बिच्छीको जस्तो हुँदै आएको थियो र छ ।

यथार्थ, भनेको एकातिर पाँच दलीय गठबन्धनलाई वर्षौं टिकाउने प्रयासको खुलासा गरिँदै थियो भने अर्कातर्फ 'वामपन्थी एकता'का निमित्त अहोरात्र अँध्यारो चोटाकोठामा बैठक । तित्राको मुखै बैरी पुष्पकमल दाहाल तथा दुर्भाषी खड्गप्रसाद एक अर्कोलाई धिक्कारै थिए, 'पब्लिक कन्जमसन'का निमित्त । तिनका गणहरू भने संवादमा व्यस्त थिए । चारै नेताको 'प्लान-बी'को खिचडी पाक्दै थियो । मञ्चन हुँदै गरेको नाटक 'प्लान-बी'लाई कार्यान्वयन गर्न शेरबहादुर लाई खड्गप्रसादले उछिनेका परिणाम मात्र हो ।

छाताछुल्ल हुँदै गरेको छ, अर्को "प्लान सी''को । जसअनुसार खड्गप्रसादले कुनै पनि दिन प्रधानमन्त्री पुष्पकमल दाहाल खडा भएको राडीलाई तानेर उत्तानो पर्ने कार्ययोजना हुँदै छ । यस विषयमा तिनका विश्वासिला कामरेडहरू दक्षिणपन्थी शक्तिसँग साँठगाँठ गर्दै छ । प्रतिनिधि सभामा एमालेले १३८ सदस्य को समर्थन जुटाउँदा साथै तिनले खड्ग प्रहार गर्नेछन्, माओवादी तथा कांग्रेसउपर । अन्यथा, दाँत तिखारेर बसेका कांग्रेसको समर्थनमा खड्गप्रसाद दाहाललाई विस्थापित गरेर प्रधानमन्त्रीको कुर्सीमा आसीन हुनेछन् । पुष्पकमल दाहालको सरकार गठन संविधानको धारा ७६(२) अनुसार भएको छ । सरकारविरुद्ध निश्चित अवधिभित्र अविश्वास प्रस्ताव राख्न मिल्दैन, यद्यपि संविधानत: एमालेले समर्थन फिर्ता गर्नसाथ विश्वासको मत लिँदाकै बखत सरकार ढल्न सक्छ । दाहालको सहयोगमा राष्ट्रपति तथा प्रतिनिधि सभामुख लगायतका महत्वपूर्ण पद हात परेपछि तिनको उपयोगिता वा प्रयोजन पनि खड्गप्रसादका निम्ति सकिन्छ ।

नेपाली राजनीति कुन दिशा उन्मुख हुँदै छ, त्यसको लेखो काट्न कसैले पनि सक्दैन । राजनीतिमा हाबी भएका पात्रहरूले नै हो राजनीतिलाई डोऱ्याउने । समकालीन नेपाली राजनीतिमा हाबी भएका पात्रहरूको एकल उद्देश्य सत्ता प्राप्ती छ । उनीहरूले आत्मविश्वास गुमाइसकेका छन् । ज्योतिषीको सहाराविना निर्णय क्षमता गर्न कुनै पनि नेताले सामर्थ्य राख्दैनन् । आफैँमा विश्वास नभएका नेताले अर्कोलाई विश्वास गर्ने कसरी ? उनीहरू आफैँ अनभिज्ञ छन् आफैँले लिने निर्णयका विषयमा । उनीहरू बीचको मिलोमतो त एकको उपयोगले अर्को सत्ता सिन हुनेमै सीमित छ । परिणाम भोग्ने आखिर ३ करोड नेपाली तथा उनीहरूको सन्ततिले हुन् ।

*साभार: इकागज*

चालुपूँजी कर्जा मार्गर्शदन संशोधन :

# सत्ता समीकरणसँगै बदलिए गभर्नर अधिकारी

काठमाडौं/अर्थमन्त्री विष्णु पौडेलसहित नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारी बुधबार बिहान साढे ९ बजे बालुवाटारस्थित प्रधानमन्त्रीको सरकारी कार्यालय पुगे । त्यहाँ करिब एक घण्टा भएको छलफलपछि उनी सिधै राष्ट्र बैंक छिरे र राष्ट्र बैंकका केही विभागीय प्रमुखहरुसहितका अन्य अधिकारीहरुको आकस्मिक बैठक बोलाए ।

बैठकमा गर्भनर अधिकारीले निजी क्षेत्रको माग बमोजिम चालुपूँजी कर्जा मार्गदर्शन संशोधन गनुपर्ने अवस्था आएको बताए । संशोधनको जानकारी तीन बजेसम्म सार्वजनिक गरिसक्ने भन्दै उनले आफ्नो मातहतका अधिकारीहरुलाई तयारी थालिहाल्न निर्देशन दिए ।

राष्ट्र बैंकको अध्ययन/अनुसन्धानको निष्कर्ष र गर्भनरको प्रस्तावका आधारमा गत ७ भदौमा जारी गरेर १ कात्तिकदेखि कार्यान्वयनमा ल्याइएको चालुपूँजी कर्जा मार्गदर्शन संशोधनमा गभर्नरको हतारो देखेर विगागीय अधिकारीहरु तीन छक परे । विगत तीन दिनदेखि गभर्नर अधिकारीको सक्रियताले यस्तो हुनसक्ने अड्कल काटेका अधिकारीहरुलाई यति छिटो-छिटो र नरम ढंगबाट मार्गदर्शन बदलन भनिन्छ भन्ने अनुमान भने थिएन ।

निर्देशनपछि उनीहरुले तुरुन्तै गर्भनरले भनेबमोजिम बुँदागत संशोधनमा काम गर्न थाले । तुरुन्तै गर्भनर कार्यालयले सञ्चारकर्मीलाई तीन बजे राष्ट्र बैंकले भर्चुअल पत्रकार सम्मेलन गर्ने खबर पठायो । पौने २ बजे गर्भनरको कार्यालयमा बसेर विभागीय अधिकारीहरुले चालुपुँजी कर्जा मार्गदर्शनको संशोधन टुंग्याए र गभर्नरबाट स्वीकृत गराए ।

राष्ट्र बैंकको संशोधनपछि चालुपूँजी कर्जा शीर्षकमा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर त्यसको गलत प्रयोग गरिरहेका ऋणीहरुलाई हाइसञ्चो भएको छ । बुधबार भएको मार्गदर्शनको संशोधनपछि मार्गदर्शनले तोको सीमाभन्दा कर्जा प्रयोग गरिरहेका ऋणीलाई ऋणको समायोजन गर्न थप साढे २ वर्षको अवधि दिएको छ । अर्थात् मागर्दशनले चालु सम्पत्तिलाई धितो मानेर वार्षिक कारोबारको २५ प्रतिशतसम्म कर्जा दिनसक्ने व्यवस्था गरेको छ । तर, यो मार्गदर्शन कार्यान्वयनमा गएसँगै चालु सम्पत्तिको मूल्यले नधान्ने अथवा वार्षिक कारोबारको २५ प्रतिशत प्रतिशतभन्दा माथि कर्जा छ भने त्यसलाई आवाधिक कर्जामा वर्गीकरण गरेर समायोजन गर्न ५ किस्तामा साढे २ वर्षको समय दिएको छ ।

जसअनुसार सीमाभन्दा माथि भएको कर्जा आगामी २०८० असार मसान्तमा १० प्रतिशत, पुस मसान्तमा २० प्रतिशत, २०८१ असार मसान्तमा २० प्रतिशत, २०८१ पुस मसान्तमा अर्को २० प्रतिशत र २०८२ असार मसान्तमा बाँकी रहेको ३० प्रतिशत गरी समायोजन गर्नसक्ने छुट दिइएको छ ।

यसरी समयोजन गर्दा बैंकहरुले कर्जा नोक्सानी व्यवस्थापन गर्न नपर्ने र त्यसलाई कर्जा पुनर संरचना वा पुनर्तालिकीकरण भएको नमानिने उल्लेख छ । यस्तै संशोधनले ऋणीलाई आकस्मिक प्रकृतिको चालुपूँजी कर्जा चाहिएमा बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरेर मात्रै दिने सक्ने अवस्था बनेको छ ।



### विकृति तोड्ने असफल प्रयास

नेपालको आधुनिक बैकिङ प्रणालीको सुरुआती चरण सन् १९८० तिर नेपाली बैंकहरु कर्जा सदुपयोगमा सचेत थिए । एक शीर्षकको कर्जा अर्को प्रयोजनमा जाने कुरा असम्भव प्राय: रहेको केन्द्रीय बैंकका अधिकारीहरु बताउँछन् ।

तर, सन् २००० को दशकमा सुरु भएको यसको दुरुपयोग २० को दशकमा आइपुग्दा बेथिति चरम बन्यो । राष्ट्र बैंक स्रोतका अनुसार नेपाली बैंकले प्रवाह गरेको कुल कर्जाको करिब ४० प्रतिशत कर्जा उद्योगी र व्यापारीले चालु पुँजी प्रयोजनमा लिए र त्यसलाई अनुत्पादक क्षेत्रमा लगानी गरे । फलस्वरुप सेयर बजार, घरजग्गा र आयातमा बैंकको निक्षेपको व्यापक प्रयोग भयो ।

कम्पनी, उद्योग र व्यापार को लागि खर्च गर्ने शीर्षकको कर्जा अन्तै लगानी भएपछि उत्पादनमुलक क्षेत्र शिथिल र कमजोर बन्यो भने अनुत्पादक मुलक क्षेत्रमा उछाल आयो । कर्जाको दुरपयोग व्यापक रुपमा हुँदा पनि बैंकले केही बोलेन भने निमयकीय निकाय नेपाल राष्ट्र बैंक पनि मौन बस्यो ।

हरेक वर्ष बैकिङ प्रणालीमा तरलाता संकट देखिनु, ब्याजदरमा तीव्र उतार चढाब हुनु जस्ता विसंगति वित्तीय प्रणालीमा देखिए । अझै कोभिडको कारण समग्र क्षेत्र प्रभावित हुँदा यो विसंगतिमा मलजल गर्ने काम भयो । राष्ट्र बैंकले कोभिड प्रभावित उद्योगीलाई सहजीकरण गर्न भन्दै ऋणीलाई २० प्रतिशतसम्म अतिरिक्त चालुपूँजी कर्जा दिनेसक्ने व्यवस्था गरेको थियो । कोभिडले आयात घटेसँगै बैंकिङ प्रणालीमा अधिक तरलता भएको अवस्थामा राष्ट्र बैंकले ल्याएको उक्त नीतिमा आधारित भएर बैंकहरुले आँखा चिम्लिएर चालुपूँजी कर्जा प्रवाह गरे । त्यसको प्रयोग कहाँ-कहाँ भयो भन्ने अनुगमन न त बैंकले नै गरे, न नियामक निकायले नै खोज्यो ।

कोभिड सुरु भएसँगै २०७७ असार मसान्तमा ३२ खर्ब ७३ अर्ब रहेको कुल कर्जा लगानी २०७९ असार मसान्तसमम आइपुग्दा ४७ खर्ब १४ अर्ब पुग्यो ।

दुई वर्षको अवधिमा साढे १४ खर्ब कर्जा विस्तार हुँदा न त्यसले उत्पादन नै वृद्धि गर्‍यो, न त रोजगारी नै सिर्जना । तर, आयात अत्याधिक वृद्धि हुँदा अर्थतन्त्रको वाफय क्षेत्रमा असन्तुलन बढ्यो । त्यसलाई व्यवस्थापन गर्न सरकारले आयात प्रतिबन्ध लगाउनुपर्नेसम्मको अवस्था आयो ।

कोभिडले गर्दा अर्थतन्त्र प्रतिकुल हुँदा समेत आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को आधार वर्षमा २ खर्ब भन्दा बढीको गाडी आयात भयो । यस्ता कयौं बिलासी वस्तुको आयातका लागि वित्तीय प्रणालीबाट भएको अन्धाधुन्ध लगानीले ठूलो भूमिका खेलेको राष्ट्र बैंकका अधिकारीहरु नै स्वीकार गर्छन् ।

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार २०७९ कात्तिक मसान्तमा कुल कर्जा ४७ खर्ब ६८ अर्ब छ । जसमध्ये 'डिमाण्ड तथा चालुपूँजी कर्जा' १० खर्ब ५० अर्ब छ । त्यस्तै आयात तथा ट्रस्ट रिसिप्ट कर्जा ८२ अर्ब र अधिविकर्ष (ओभरड्राफ्ट) कर्जा ७ खर्ब ८८ अर्ब छ ।

डिमाण्ड तथा चालुपूँजी कर्जा र आयात कर्जा सबै चालुपूँजीसँग सम्बन्धित हो भने ओभारड्राफ्ट कर्जाको पनि मुख्य हिस्सा चालुपूँजी नै रहेको राष्ट्र बैंकका अधिकारीहरु नै बताउँछन् । साढे ४७ खर्ब कर्जामध्ये यी ३ शीर्षकमा मात्रै १९ खर्ब २१ अर्ब रहेको छ, जुन कुल कर्जाको ४० प्रतिशत हो ।

गत असारमा प्रतिनिधि सभा अन्तरगतको अर्थसमितिले आयोजना गरेको छलफलमा गभर्नर अधिकारीले एउटै व्यापारिक घरनाले बैंकिङ कर्जा सुविधा अत्याधिक लिँदा अर्थतन्त्रमा जोखिम बढेको बताएका थिए । यस्ता पक्षहरुलाई विश्लेषण गरेर चालु पूँजी कर्जा मार्गदर्शन जारी गरेको राष्ट्र बैंकले अहिले एकाएक 'यू टर्न' लिएको छ । तर, पछिल्लो तीन सातामा कुन आर्थिक वा मौद्रिक परिसूचक राष्ट्र बैंकको चट्टानी अठोटमा गल्नु पर्ने गरी बदलियो भन्ने पनि खुलेको छैन । यो निर्णय उल्ट्याउन यसअघिको जनार्दन शर्माले पनि राष्ट्रबैंकसँग अनुरोध नगरेका हैनन्, तर बहादुरीपूर्ण मानिएको यो निर्णयबाट गभर्नर सत्तासमीकरण बदलिएसँगै एकाएक पछि हटेका छन् ।

### "एम अधिकारी भएको अर्को सवुत"

वित्तीय स्रोतको दुरुपयोग रोक्न भन्दै ल्याएको मार्गदर्शनलाई गभर्नरले साढे २ वर्ष पर सारेका छन् । उनले यो व्यापारिक घरानाको दबाबमा परेर गरे कि राजनीतिज्ञको भन्ने खुलेको छैन ।

बैंक, उद्योगी/व्यापारी र राष्ट्र बैंकको मिलामतोमा करिब दुई दशक चलेको यो बेथिति सुधार गर्न ढिलै भए पनि २०७८ पुसमा राष्ट्र बैंकले चालु पुँजी कर्जा मार्गदर्शनको खाका प्रस्तुत गरिएको थियो । स्रोतकाअनुसार यो बेथितिविरुद्ध उभिन पनि राष्ट्र बैंक अन्तराष्ट्रिय मुद्रा कोषको दबाबका कारण पनि तयार भएको थियो ।

पुस २०७८मा मार्गदर्शनको मस्यौदा सार्वजनिक हुँदा कार्यन्वयन नहुने भनेर खासै चासो नदिएका व्यवसायी भदौमा मार्गदर्शन जारी भएपछि भने सडक आन्दोलनमा आएका थिए । गत १ कात्तिकबाट कार्यानन्यनमा गएपछि त त्यसलाई रोक्न भन्दै राजनीतिक दलका नेताको घरदैलोमा पनि पुगे । राष्ट्र बैंक घेराउदेखि बैंकका शाखा कार्यालय बन्द गराउने तहसम्म पुगे ।

राष्ट्र बैंकले ल्याएको चालुपूँजी कर्जा सम्बन्धी मार्गदर्शन गलत नभएको बुझेका व्यवसायी राजनीतिक दवाब र आन्दोलनमा केन्द्रित हुँदा राष्ट्र बैंकसँग वार्ताको लागि तयार थिएन ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले मार्गदर्शनको खुलेर विरोध गर्दै आएका थिए । उनीहरुले राष्ट्र बैंक, प्रधानमन्त्री र मन्त्रीलाई गुहार्नेदेखि मार्गदर्शनलाई रोक्न सबै बल लगाएका थिए ।

तर, गर्भनर अधिकारी सहित राष्ट्र बैंकका सबै पदाधिकारी वित्तीयय विसंगति सुधार नगरी नहुने भन्दै मार्गदर्शनमा लचक हुने ठाउनै बाँकी नरहेको बताउँदै आएका थिए ।

तर, पछिल्लो दुई सातामा राष्ट्र बैंकको बोली र व्यवहार सबै कुरा बदिलियो । गभर्नर अधिकारी व्यवसायीसँग वार्तामा बस्न तयार मात्रै भएनन्, व्यवसायी र नवनियुक्त अर्थमन्त्री विष्णु पौडेलेले चाहेअनुसार मार्गदर्शन संशोधन गर्न राजी भए ।

तत्कालीन नेकपा सरकार का पालामा गर्भनर नियुक्त भएका अधिकारीलाई बाम नेतृत्वको नयाँ सरकारले चाहेअनुसार सघाउन रहर लाग्यो कि परिस्थितिजन्य बाध्यता पर्‍यो ? यसबारे राष्ट्र बैंकका अधिकारी भन्छन्,'नबोलौं ।' कांग्रेस नेतृत्वको सरकारसँग गभर्नर अधिकारीको सम्बन्ध तिक्ततापूर्ण रहेको कुरा लुकेको छैन । खासगरी अघिल्लो सरकारका अर्थमन्त्री जनार्दन शर्माले निलम्बन गरेपछि सरकारलाई असहयोग गरेको आरोप गर्भनरमाथि लाग्दै आएको थियो ।

*(स्रोत: अनलाइनखबर)*


## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com


# पाँच सय २३ पशुपन्छीको नि:शुल्क स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिका अन्तर्गतको पशु सेवा केन्द्र हेटौंडा-८ कमानेले पाँच सय २३ वटा पशुपन्छीको नि:शुल्क स्वास्थ्य परिक्षण गरेको छ ।

केन्द्रले बुधबार एक दिने नि:शुल्क पशु स्वास्थ्य शिविर गर्दै एकसय किसानका पाँच सय २३ वटा पशुपन्छीको नि:शुल्क स्वास्थ्य परिक्षण गरेको हो । हेटौंडा उपमहानगरपालिकाकी पशुपन्छी विकास शाखाकी प्रमुख गंगा चौलागाईले दुई सय ५० वटा गाई, एक सय ५० वटा बाख्रा, एक सय ५ वटा कुखुरालाई नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराईएको जानकारी दिइन् ।



शिविरमा १८ वटा कुकुरलाई रेविजको भ्याक्सीन लगाईएको प्रमुख चौलागाईले बताइन् । शिविरमा ६५ हजार रुपैयाँ बराबरको औषधि नि:शुल्क उपलब्ध गराईएको उनको भनाई छ । शिविर हेटौंडा ८ का वडा अध्यक्ष रामकृष्ण थापाको अध्यक्षता र प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाइको प्रमुख आतिथ्यतामा भएको थियो । चालु आर्थिक वर्षमा हालसम्म हेटौंडा उपमहानगर पालिकाले ९ वटा वडामा नि:शुल्क पशु स्वास्थ्य शिविर सम्पन्न गरेको चौलागाँईले बताइन् ।

# हेटौंडाका जनप्रतिनिधिलाई सुशासन तालिम

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिकाले उपमहानगरका जनप्रतिनिधिहरुलाई सुशासन सम्बन्धि तालिम दिएको छ ।

उपमहानगरपालिकाको सुशासन समितिले जनप्रतिनिधिहरुलाई सुशासन सम्बन्धि तालिम दिएको हो । सोमबारबाट सुरु भएको तालिमको बुधबार समापन गरिएको छ । सुशासन समिति संयोजक सुनिल मोक्तानको अध्यक्षतामा भएको तालिमको समापनमा हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । मेयर लामाले तालिममा




सिकेका विषयलाई व्यवहारमा उतार्न जनप्रतिनिधिहरुलाई अनुरोध गरिन् । सुशासनबाटै मुलुकलाई अघि बढाउन जरुरी रहेको उनको भनाई थियो । तालिममा चन्द्रकान्त अधिकारी र माधव अधिकारीले प्रशिक्षण दिएका थिए । समापनमा हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडा अध्यक्ष जुना दाहाल, १८ नम्बर वडाका सदस्य योगराज खतिवडा लगायतले मन्तव्य व्यक्त गरेका थिए । तालिममा नगरका वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरु सहभागी थिए ।


## समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited

Samriddhi Finance — Partnership for Prosperity

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालय: हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२१
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

### धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ७ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०४/१७
दोस्रो पटक प्रकाशित मिति: २०७९/०९/२१

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखि, कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तिय संस्थालाई समय-समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको र कर्जा चुत्तला गर्नका लागि पटक-पटक मौखिक, लिखित, फोन तथा एस.एम.एस. मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज लगायतका रकम चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असूली तथा गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्रि गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धीत ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सुचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला । उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरी निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु सम्बन्धमा बोलपत्रको अन्तिम दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धीत ऋणी, धितोधनि तथा जमानतीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत प्रतिनिधि, सम्बन्धीत ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन । लिलामी कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरु तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै-दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

तपसिल

| ऋणी तथा धितोको विवरण | | कर्जा शिर्षक | व्यक्तिगत जमानी दिनेको विवरण | |
|---|---|---|---|---|
| नामः प्रताप सिं मुक्तान (ऋणी)<br>बाबुः सेते मुक्तान<br>बाजेः सनक सिं मुक्तान<br>स्थायी ठेगानाः भार्ता-०१, मकवानपुर<br>हालको ठेगानाः राक्सिराङ-०१, मकवानपुर<br>नागरिकता प्रमाणपत्र नं.: ७२६<br>जारि मितिः २०३३/०१/२१<br>**धितोको बिवरण**<br>प्रताप सिं मुक्तानको नाममा रहेको ज्यामिरे-९, मकवानपुर हाल राक्सिराङ गा.पा.-०१, मकवानपुर को कित्ता नं. २३५, क्षे.फ. ०-१६-११-० (सोर कठ्ठा एघार घुर) जग्गा । |  | व्यक्तिगत अधिविकर्ष कर्जा | नामः शुभ लक्ष्मि मुक्तान<br>पतिः प्रताप सिं मुक्तान<br>बाबुः काजी मान थिङ<br>स्थायी ठेगानाः भार्ता-०२, मकवानपुर<br>हालको ठेगानाः राक्सिराङ-०१, मकवानपुर<br>नागरिकता प्रमाणपत्र नं.: ५९, मकवानपुर<br>नामः जीत बहादुर मुक्तान<br>बाबुः प्रताप सिं मुक्तान<br>बाजेः सेते मुक्तान<br>स्थायी ठेगानाः भार्ता-०२, मकवानपुर<br>हालको ठेगानाः राक्सिराङ-०१,मकवानपुर<br>नागरिकता प्रमाणपत्र नं.: १५/१११२८, मकवानपुर<br>जारि मितिः २०६०/१०/१२<br>नामः सन्धरी थिङ<br>पतिः जीत बहादुर मुक्तान<br>बाबुः आईते सिं थिङ<br>स्थायी ठेगानाः छतिवन-०९, मकवानपुर<br>हालको ठेगानाः राक्सिराङ-०१,मकवानपुर<br>नागरिकता प्रमाणपत्र नं.: ३१-०१-७२-०१८१६, मकवानपुर<br>जारि मितिः २०७२/०३/०९ | <br><br> |

लिलाम बोलपत्र सम्बन्धी शर्तहरु:

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको कर्जा असुली इकाई पुतलीसडक र शाखा कार्यालय हेटौडा मकवानपुर बाट रु. १,०००।०० (रु. एक हजार मात्र) तिरि (पछि फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तिय संस्थाले लिन सक्नेछ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ७औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको शाखा कार्यालय हेटौडा वा शाखा कार्यालय पुतलीसडकमा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ ।
४. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नु परेमा लिलाम बोलपत्र पेश गर्न अगावै समृद्धि फाइनान्सको शाखा कार्यालय हेटौडा वा पुतलीसडक, काठमाडौंस्थित कर्जा असुलि इकाइमा सम्पर्क राखि निरिक्षण गर्न सकिनेछ । लिलाम स्विकार गर्ने व्यक्ति तथा संस्थाले मालपोत कार्यालय तथा अन्य निकायमा लाग्ने दस्तुर तथा दा.खा. सम्बन्धी सम्पूर्ण खर्च आफैले व्यहोर्नुपर्नेछ तथा सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा स्विकार्नु पर्नेछ ।
५. अन्य शर्तहरु लिलाम बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ ।

लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९ पौष २७ गते दिनको ४:०० बजे ।
लिलाम शिलबन्दी बोलपत्र खोलिने मिति : २०७९ पौष २८ गते दिनको ४:०० बजे
बोलपत्र खोलिने स्थान : केन्द्रीय कार्यालय हेटौंडा, मकवानपुर

# मकवानपुरका अवैध क्रसर उद्योग बन्द गराउन गृहको परिपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ मकवानपुरभित्र सञ्चालनमा रहेका अवैध क्रसर उद्योगहरुलाई कारबाहीको दायरामा ल्याउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई परिपत्र गरेको छ ।

गृह मन्त्रालयले बुधवार जिल्ला प्रशासनलाई परिपत्र गर्दै अवैध रुपमा सञ्चालित क्रसर उद्योगहरु बन्द गराउन निर्देशन दिएको हो । मन्त्रालयले कानुन विपरित दर्ता नगरी तथा नवीकरण नभएका, संचालन अनुमति नलिई सञ्चालनमा रहेका ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगलाई तत्काल बन्द गर्न गृहले निर्देशन दिएको हो । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माले गृहबाट परिपत्र आएको बताए । उनले परिपत्रमा क्रसर उद्योगहरु बन्द गराउने भनेर निर्देशन नआएको र उद्योगहरुको अनुगमन प्रभावकारी बनाउन भनिएको बताए ।

सहायक प्रजिअ शर्माले जिल्लाभर रहेका क्रसर उद्योगहरुको यकिन तथ्यांक माग गरिएको जानकारी दिए । 'प्रक्रिया पुर्‍याएर सञ्चालनमा रहेका कति, प्रक्रिया नपुर्‍याएर सञ्चालनमा रहेका कति र प्रक्रियामै रहेका कति क्रसर उद्योग छन् भनेर जिल्ला समन्वय समितिसँग तथ्यांक माग गरेका छौं,' शर्माले भने । जिल्लामा कति क्रसर छन् भनेर कुनैपनि सरकारी निकायसँग तथ्यांक भने छैन् । जिल्ला समन्वय समिति मकवानपुरका अनुसार जिल्लामा करिब ७५ वटा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्,



प्रशोधन कार्यमा संलग्न क्रसर उद्योग दर्ता भएका छन् ।

तर, जिल्लामा कति क्रसर उद्योग सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक जिल्ला समन्वय समितिसँग छैन् । निमित्त जिल्ला समन्वय अधिकारी सुनिताकुमारी गजुरेलका अनुसार मकवानपुरमा दर्ता भएका क्रसर उद्योगमध्ये सबैसँग नवीकरण भने छैन् । सरकारले २०७७ सालमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डका कारण क्रसर उद्योगहरु नवीकरण नभएका हुन् । मापदण्डमा तोकिएको प्रावधानलाई क्रसर उद्योगहरुले पूरा गर्न नसकेपछि नवीकरण हुन सकेको थिएन् । घरेलु तथा साना उद्योग कार्यालयमा र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका क्रसर उद्योगहरु मकवानपुरमा ३७ वटा रहेका छन् ।

तर, जिससले अनुगमन नगरेका कारण क्रसर उद्योगहरुको तथ्यांक तलमाथि हुन सक्ने निमित्त समन्वय अधिकारी गजुरेलले जानकारी दिए । उनका अनुसार समितिले अब क्रसर उद्योगहरुको अनुगमन नियमित गर्ने बताएकी छन् । जिल्लाका क्रसर उद्योगहरुले भने वार्षिक रुपमा सरकारलाई राजश्व बुझाउँदै आएको गजुरेलले जानकारी दिइन् । 'जिल्लाका क्रसर उद्योगहरु सबै नवीकरण भएका छैनन् । तर, उनीहरुले वार्षिक रुपमा सरकारलाई राजश्व बुझाउँदै आएका छन्,' गजुरेलले भनिन् ।

गृह मन्त्रालयले विभिन्न आयोजना, विकास तथा निर्माणको क्रममा सोही आयोजनाको लागि आवश्यक परिणाममा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग, निर्माण व्यावसायीले आयोजना समाप्त भएपश्चात पनि त्यस्तो उत्खनन् कार्य गरिरहेको भए सो समेत छानबिन गरी तत्काल बन्द गर्न जिल्ला प्रशासनलाई परिपत्र गरिसकेको छ । जिल्लामा निश्चित विकास निर्माणका लागि सञ्चालित उद्योगहरुलाई राजनीतिक संरक्षणमा निरन्तर सञ्चालनसमेत भइरहेको पाइएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिका, गाउँपालिकाहरु मनहरी, मकवानपुरगढी, राक्सिराङ, बकैया, बागमतीमा धेरै ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन्, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु छन् । क्रसर उद्योगबाट आउने राजश्व स्थानीय सरकारको बलियो आयस्रोत समेत हो । तर, क्रसर उद्योगहरुकै कारण स्थानीय तहहरुमा नदीजन्य पदार्थ उत्खनन् कार्यमा गैरकानुनी कामसमेत भएको पाइएको थियो ।

**के छ सरकारी मापदण्डमा ?**

सरकारी मापदण्डकै कारण क्रसर उद्योगहरु नवीकरण हुन नसकेको दाबी गरिए पनि सरकारले संशोधन गरेर उद्योगहरुलाई सहज बनाएको थियो । तर, मापदण्ड सहज हुँदासमेत क्रसर उद्योगहरु नियमभित्र रहेर नवीकरण नभएको देखिएको छ । सरकारले मंसिर २०७७ मा जारी गरेको नयाँ मापदण्डले घनाबस्ती र वनक्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँच सय मिटर दूरी भित्रको नदी, सडक तथा पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थको उत्खनन् गर्न रोक लगाएको थियो ।

तर, सरकारले क्रसर उद्योगहरु खुलाउन सहज हुने गरी असार २०७९ मा मापदण्ड संशोधन गरेको थियो । संशोधित मापदण्डले क्रसर उद्योगहरु अझै बस्ती नजिक आउने बाटो खोलेको थियो । नदीजन्य पदार्थको उत्खनन् पनि बस्ती नजिकसम्म नै गर्न पाइने बनाइएको थियो । मापदण्ड संशोधनपछि घना बस्तीमा तराई क्षेत्रमा १ किलोमिटर मै उत्खनन गर्न दिने बाटो खोलिएको थियो । पहाडी क्षेत्रमा ५ सय मिटर बाहिर नदीजन्य पदार्थको उत्खनन गर्न पाउने बनाएको छ । यस्तै तराई क्षेत्रमा राजमार्गको पाँच सय मिटर र पहाडी क्षेत्रमा २ सय मिटर दूरी बाहिर नदीजन्य पदार्थ उत्खनन गर्न पाउने व्यवस्था गरिएको थियो ।


मापदण्ड कार्यान्वयनका लागि प्रभावकारी नियमन हुन नसक्दा क्रसर उद्योगहरु आफ्नै तरिकाले सञ्चालनमा थिए । क्रसरकै कारण बस्तीहरु जोखिममा पर्दासमेत सरकारले ध्यान नदिँदा क्रसर उद्योगहरु मनलाग्दी रुपमा प्रस्तुत हुँदै आएका थिए ।

# मकवानपुरमा डेंगु संक्रमित शुन्य

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ विगतको करिब ५ महिना डेंगु संक्रमणको त्रासमा रहेको मकवानपुरमा हाल डेंगु संक्रमण शुन्यको स्थितिमा आएको छ ।

डेंगु संक्रमितले हेटौंडा अस्पतालसमेत भरिएको थियो । हाल १४ पुसदेखि २० गते बुधवारसम्म संक्रमितको संख्या शुन्य रहेको छ । पुसदेखि नै संक्रमित संख्या शुन्यको अवस्थामा थियो । स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकलाई हेर्दा मंगलबार र बुधवार डेंगुका संक्रमित फेला परेका छैनन् । मकवानपुरमा डेंगु संक्रमितको संख्या भने हालसम्म ५ हजार ८ सय ५६ जना पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । उक्त तथ्यांक गत साउन महिनादेखि बुधबार सम्मको रहेको कार्यालयले जनाएको छ । संक्रमण हुनेमा ३ हजार २ सय ४ जना पुरुष र २ हजार ६ सय ५२ जना महिला रहेका छन् ।



जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् । जसअनुसार, हेटौंडा उपमहानगरपालिकामा २ हजार ३ सय ९२ जना पुरुष र १ हजार ९ सय ४८ जना महिला गरी ४ हजार ३ सय ४० जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । हेटौंडामा बाक्लो जनघनत्व र लामखुट्टेको बासस्थान बढी हुने भएकाले यहाँ संक्रमणले ठूलो असर पुर्‍याएको थियो । डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५ सय ४९ जना पुरुष र ५ सय २ जना महिला गरी १ हजार ५१ जना थिए । थाहा नगर पालिकामा १ सय ८ जना पुरुष र ६७ जना महिला गरी १ सय ७५ जना रहेका छन् ।

स्वास्थ्य कार्यालयका अनुसार मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३५ जना महिला गरी ८० जना, बागमती गाउँपालिकाको ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् । इन्द्रसरोवर गाउँपालिकाको एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाको ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकाको ३१ जना पुरुष र २८ जना महिला गरी ५९ जना, बकैया गाउँपालिकामा १८ जना पुरुष र २८ जना पुरुष गरी ४६ जना, राक्सिराङ गाउँपालिकामा १९ जना पुरुष र ६ जना महिला गरी २५ जना, हाल ठेगाना नखुलेका १७ जना पुरुष र १८ जना महिला गरी ३५, अन्य जिल्लाका १५ जना पुरुष र ११ जना महिला गरी २६ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा उक्त संक्रमणका कारण हालसम्म एक जनाको मृत्यु भएको छ ।

# हेटौंडामा 'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ हेटौंडामा माघको दोस्रो हप्ता तामाङ समुदायको राष्ट्रिय पर्व २८५९ ह्योई/तावार ल्हो (बिरालो वर्ष) सोनाम ल्होछारको अवसरमा महोत्सव गरिने भएको छ ।

'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' माघ ७ र ८ गते गर्ने बुधवार पत्रकार सम्मेलन गर्दै जानकारी दिइएको छ । नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुर र मकवानपुर तामाङ कलाकार संघको संयुक्त आयोजनामा महोत्सव गर्न लागिएको हो । महोत्सव हेटौंडा उपमहानगरपालिका-१०, स्थित टिसिएन चौरमा 'सोनाम ल्होछार साँस्कृतिक महोत्सव' हुने भएको हो । माघको दोस्रो हप्ता नै मकवानपुर उद्योग वाणिज्य संघले पनि टिसिएनको चौरमा आद्योगिक तथा व्यापारिक मेला गर्ने तयारीमा छ । बृहत रुपमा महोत्सव गर्ने तयारीमा जुटेको कलाकार संघका महासचिब रबिन्द्र थिङले जानकारी दिए ।

महोत्सवमा तामाङ गीत संगीतमा ख्याती प्राप्त राष्ट्रिय तथा स्थानीय चर्चित कलाकारहरुको प्रस्तुति रहने उनले बताए । महोत्सव आयोजनाका लागि ९ उपसमितिहरु गठन गरिएको छ । आर्थिक समितिको संयोजकमा शुरेस लामा, प्रचार-प्रसार उपसमितिमा आत्माराम मोक्तान, मञ्च व्यवस्थापनमा सानु लामा दोङ, अतिथि सत्कारमा माया



घलान, कलाकार व्यवस्थापन उपसमितिमा बिक्रम लुङ्बा, स्वयंम सेवक संयोजकमा सविन मोक्तान, मायाको चिनो व्यवस्थापनमा रबिन्द्र थिङ, झाँकी व्यवस्थापनमा पाल्साङ लामा र स्टल व्यवस्थापनमा सुभाष लामा रहेका छन् ।

महोत्सवमा तामाङको मौलिक भेषभुषासहित लामा, बोन्पो (झाँक्री), ताम्बा, डम्फुरेको झाँक्री प्रदर्शन, भेषभुषा र मौलिक खानाका स्टलहरु रहने आयोजकले जनाएको छ । तामाङको मौलिक संस्कार, संस्कृति, भेषभुषा र भाषाको संरक्षण तथा प्रवर्द्धन गर्दै तामाङ घेदुङ संघीय समितिको (ग्रेन दिम) भवन खरिद सहयोगार्थ महोत्सवको तयारी गरिएको घेदुङ मकवानपुरको जिल्ला कार्यवहाक अध्यक्ष कालु घलानले जानकारी दिए । कलाकार संघबाट भाग्यशाली उपहार कार्यक्रम राखिएको छ । उपहार कार्यक्रम मार्फत उठेको रकम संघको भवन निर्माणमा खर्च गरिने अध्यक्ष धिरेन लामाले बताए ।

# भीमफेदीमा धमाधम निर्माण गरिँदै अस्पताल

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ जिल्लाको पुरानो सदरमुकामसमेत रहेको भीमफेदीमा १५ शैयाको अस्पताल निर्माण धमाधम भइरहेको छ ।

भीमफेदी गाउँपालिका वडा नम्बर-६, स्थित बजारमा १५ शैयाको अस्पताल निर्माणको काम धमाधम भइरहेको हो । तीन तलाको अस्पताल निर्माण हुने गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । संघीय सरकारको अनुदानमा भीमफेदी गाउँपालिकाले ठेक्का लगाएर अस्पताल निर्माणको काम गरिरहेको छ । १२ करोड रुपैयाँ लागतमा अस्पताल निर्माणको काम भइरहेको अध्यक्ष लामाले बताए ।

अस्पताल निर्माण रविना/नवशिर्जनशील जेभीले गरेको हो । भवनको दुइ तला ढलानको काम सकिएको भीमफेदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमलाल महर्जनले जानकारी दिए । गाउँपालिकाले अस्पतालसँगै चिकित्सकहरुका लागि क्वाटर (निवास) पनि निर्माण गर्ते तयारीमा लागेको महर्जनले बताए ।

# ल्होसारमा बैकुण्ठमा मेला लाग्ने

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ कैलाश गाउँपालिका वडा नम्वर २ मा रहेको बैकुण्ठमा तामाङ समुदायको नयाँ वर्ष अर्थात सोनाम ल्होसारको अवसरमा मेला लाग्ने भएको छ ।

आगामी माघ ८ गते पर्ने तामाङ समुदायको नयाँ वर्ष अर्थात सोनाम ल्होसारको अवसरमा डाँफेमुनाल पार्क बैकुण्ठमा पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले ल्होसार मेला आयोजना गरिने भएको हो । ल्होसार पर्व मनाउन विनोद मुक्तानको संयोजकत्वमा ल्होसार संयोजन समिति निर्माण गरिएको वडाध्यक्ष राजेन्द्र घिसिङले जानकारी दिए । मेलामा स्थानीय जनप्रतिनिधिको उपस्थितिमा राष्ट्रिय कलाकारको प्रस्तुति रहने उनले बताए । मेलामा स्थानीय तामाङ समुदायको संस्कार र सँस्कृतिसँग सम्बन्धित लामा, बोम्बो, लब्तावा लगायतका झाँकिहरुको प्रस्तुती रहनेछ । ग्रामिण पर्यटनको विकास, स्थानीय तामाङ समुदायको सँस्कृतिको जगेर्ना, भाषा, भेषभुषा र कलाको संरक्षणमा मद्दत पुर्‍याउने उद्देश्यले मेला आयोजना गर्न लागिएको अध्यक्ष घिसिङको भनाई छ । तामाङ समुदायको सबैभन्दा ठुलो सांस्कृतिक पर्व २८५९औं सोनाम ल्होछार २०७९ ह्योई ल्हो (बिरालो वर्ष)को अवसरमा तामाङ समुदायको बाहुल्यता रहेको बैकुण्ठमा पहिलो पटक मेला हुन लागेको हो । यस वर्ष बाघ वर्षलाई बिदाइ गर्दै बिरालो वर्षलाई स्वागत गर्दै ल्होछार मनाउन लागिएको छ ।

# पुस २९ गतेदेखि शिक्षक भलिबल प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/पुस २९ गतेदेखी हेटौंडामा जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता हुने भएको छ ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजना तथा हेटौंडा उपमहानगरपालिका-४ को प्रायोजनमा पुस २९ गतेबाट हेटौंडामा जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता हुने भएको हो ।

बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै एकेडेमीका खेल संयोजक राजाराम पोखरेलले भलिबल प्रतियोगिताको बारेमा जानकारी दिएका थिए । उनको अनुसार प्रतियोगितामा प्रथम हुने टिमले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने द्वितिय हुने टिमले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । त्यस्तै तृतिय हुने टिमले नगद ५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ३ हजार रुपैयाँ रहेको छ भने उत्कृष्ट सेटर र उत्कृष्ट स्पाइकरलाई समान २/२ हजार रहेको छ ।

त्यस्तै, अनुशासित टिमलाई बल र नेट समेत प्रदान गरिने छ । शिक्षकहरुको सहभागिता रहने प्रतियोगितामा टिम इन्ट्री २ हजार रुपैयाँ रहेको छ । हेटौंडा(४, हुप्रचौरको भलिबल कोर्टमा हुने प्रतियोगिताको कुल खर्च १ लाख ९२ हजार रुपैयाँ लाग्ने आयोजकले जनाएको छ ।

**दाहाल बन्धुहरुमा हार्दिक आमन्त्रण !**

दाहाल प्रतिष्ठान बागमती प्रदेश समितिको दोश्रो प्रदेश अधिबेशन, मकवानपुर शाखा समितिको १० औं अधिबेशन एवं बृहत् बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रम यहि पौष २३ गते हेटौंडामा हुने भएकाले बागमती प्रदेश भरिका दाहाल तथा बत्स गोत्रीय बन्धुबान्धबहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**मिति** : २०७९ पौष २३ गते, शनिबार
**समय** : बिहान ७ बजे
**स्थान** : हेटौंडा ६, रामनगर, बिन्धबासिनी मन्दिर परिसर

सम्पर्कः-९८५५०७००१४

**थप सुविधाका साथ हाम्रा सेवाहरू**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरू :**


- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्ज्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रन्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*होम डेलिभरिको पनि व्यवस्था छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

**थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**वनदेवी दुग्ध उत्पादक सहकारी संस्था लि.**
हेटौंडा-७, नागस्वती, मकवानपुर
फोन. ०५७-५३०२२७

**कर्मचारी आवश्यकता सम्बन्धमा**

यस संस्थाको संचालक समितिको मिति २०७९।०९।१८ को निर्णय अनुसार निम्न योग्यता भएकोले सूचना प्रकाशित मितिले १५ दिन भित्र हस्तलिखित निवेदन नागरिकता र शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी सहित पेश गर्नहुन अनुरोध गर्दछौं ।

१) पद : ब्यवस्थापक (करार)
२) आवश्यक संख्या : १ जना
३) उमेर : २० बर्ष देखि ४० बर्ष ननाघेको
४) शेयर सदस्य र शेयर सदस्यको परिवारलाई प्राथमिकता दिइने छ ।
५) शिक्षा : +२ पास
६) सेवा सुबिधा को हकमा संस्थाको नियम अनुसार
७) दुई पाङ्ग्रे सवारी साधनको चालक अनुमति पत्र भएको लाई प्राथमिकता दिइने छ ।
८) निवेदन दस्तुरमा निवेदन दर्ता गर्दा रकम रु १००० दस्तुर लाग्ने छ ।
९) कम्प्युटरमा दक्ष हुनुपर्ने ।

**साधारणसभामा उपस्थित हुनेबारे सूचना**

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार **चौधौ वार्षिक साधारणसभा** सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभाको पत्र पठाइसकिएको छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०७९ पुस ३० गते शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल
समय : बिहान ११ बजे ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौंडा-१ चौकीटोल**

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना